नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

व्यावसायिक प्रशिक्षण केन्द्र

बुटवल, रुपन्देही

निःशुल्क सीपमूलक तालिम संचालनको लागि आवेदन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१६

यस व्यावसायिक प्रशिक्षण केन्द्र बुटवलको आ. ब. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका निःशुल्क सीपमूलक तालिम सञ्चालन हुने भएको हुदा तालिममा सहभागी हुन इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको स्थानमा आवेदन फारम भर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको र रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

तपसिल

क्र. सं.	तालिमको विषयहरु	आवश्यक प्रशिक्षार्थी संख्या	तालिमको अवधी (घण्टा)	न्यूनतम शैक्षिक योग्यता	अन्तर्वार्ता हुने मिति, समय र स्थान	नतिजा प्रकाशन मिति	तालिम उद्घाटन तथा सञ्चालन हुने मिति, समय र स्थान	आवेदन फाराम पाइने र पेश गर्नुपर्ने स्थान	कैफियत
१	कटाई सिलाई आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।०३ गते दिनको १.०० बजे रामपुर नगरपालिकाको कार्यालय पाल्पा	२०८३।०८।०३ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०४ गते दिनको ०९.०० बजे रामपुर नगरपालिकाको कार्यालय, पाल्पा	रामपुर नगरपालिकाको कार्यालय पाल्पा/यस केन्द्र	
२	कटाई सिलाई आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।०४ गते दिनको १.०० बजे रम्भा गाउपालिकाको कार्यालय पाल्पा	२०८३।०८।०४ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०५ गते दिनको ०९.०० बजे रम्भा गाउपालिकाको कार्यालय, पाल्पा	रम्भा गाउपालिकाको कार्यालय पाल्पा/यस केन्द्र	
३	कटाई सिलाई आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।०४ गते दिनको ११.०० बजे तिलोत्तमा-५ मणिग्राम, रुपन्देही	२०८३।०८।०४ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०५ गते दिनको १०.०० बजे तिलोत्तमा-५ मणिग्राम, रुपन्देही	तिलोत्तमा-५ मणिग्राम, रुपन्देही/यस केन्द्र	
४	केयर गिभर आधारभूत	२० जना	३९०	एसईई वा सो सरह उत्तीर्ण	२०८३।०८।०५ गते दिनको ११.०० बजे व्यावसायीक प्रशिक्षण केन्द्र बुटवल रुपन्देही	२०८३।०८।०५ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०६ गते दिनको १०.०० बजे व्यावसायीक प्रशिक्षण केन्द्र बुटवल रुपन्देही	व्यावसायीक प्रशिक्षण केन्द्र बुटवल, रुपन्देही	कक्षा सञ्चालन स्थान पछि तोकिनेछ ।
५	इलेक्ट्रिकल आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।०७ गते दिनको १० बजे शिव इष्टिच्यूट अफ मल्टि टेक्निकल एजुकेशन प्रा.लि. तानसेन, पाल्पा	२०८३।०८।०७ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।०८ गते दिनको ११.०० बजे शिव इष्टिच्यूट अफ मल्टि टेक्निकल एजुकेशन प्रा.लि. तानसेन, पाल्पा	शिव इष्टिच्यूट अफ मल्टि टेक्निकल एजुकेशन प्रा. लि. तानसेन, पाल्पा/यस केन्द्र	
६	ब्यूटिसियन आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।९ गते दिनको ११ बजे ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर सन्धिखर्क-अर्घाखाची	२०८३।०८।९ गते अपरान्ह ४ बजेपछि	२०८३।०८।१० गते दिनको ०९.०० बजे ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर सन्धिखर्क-अर्घाखाची	ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर सन्धिखर्क-अर्घाखाची/यस केन्द्र	
७	कटाई सिलाई आधारभूत	२० जना	३९०	कक्षा ८ उत्तीर्ण	२०८३।०८।१० गते दिनको १.०० बजे कन्चन टेलर्स टिकापुर-१ कैलाली	२०८३।०८।१० गते अपरान्ह ४ बजेपछि	२०८३।०८।११ गते दिनको १०.०० बजे कन्चन टेलर्स टिकापुर-१, कैलाली	कन्चन टेलर्स टिकापुर-१ कैलाली/यस केन्द्र	

तालिम लिन इच्छुक व्यक्तिहरूले पालना गर्नुपर्ने शर्तहरू:

१. प्रशिक्षार्थीहरुले आवेदन फाराम साथ नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र १ प्रति फोटो संलग्न राखी मिति २०८३/०७/३० गतेभित्र र सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ने दिन यस केन्द्र/तोकिएको स्थानमा कार्यालय समयभित्र पेश गर्नुपर्ने छ । प्रशिक्षार्थी छनौट समितिले गरेको निर्णयानुसार प्रशिक्षार्थी छनौटको सूचना कार्यालयको सूचनापाटी, Website: www.vtcbutwal.gov.np र यस केन्द्रको Facebook page: www.facebook.com/vtcbutwal "व्यावसायिक प्रशिक्षण केन्द्र, बुटवल" मा प्रकाशन गरिनेछ ।
२. छनौट भईसकेपछि तालिम शुरु भएको ३ दिनभित्र भर्ना नहुनेहरुको स्थानमा वैकल्पिक उम्मेदवारलाई सहभागी गराईनेछ ।
३. तालिम लिन इच्छुक उम्मेदवारको उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।
४. प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताबाट गरिने छ । आवेदन फारम यस केन्द्रको वेवसाइट र फेसबुक पेजबाट समेत डाउनलोड गर्न सकिनेछ ।
५. अन्तर्वार्तामा सहभागी हुन आउदा आवेदन फारम भर्दा पेश गरेको कागजातहरुको सक्कल प्रति अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।
६. बस्ने र खाने व्यवस्था सहभागी आफैले गर्नुपर्नेछ र दिवा खाजाको व्यवस्था कार्यालयबाट हुनेछ ।
७. प्रशिक्षार्थीको आवेदन तोकिएको समयावधिभित्र यस केन्द्रको ईमेल ठेगाना shipbutwal@gmail.com मार्फत पनि दिन सकिनेछ ।
८. आवश्यक फारम केन्द्रको Website: www.vtcbutwal.gov.np बाट download गर्न सकिनेछ ।
९. तालिममा छनौट भई मनासिब कारण बेगर तालिम छोड्दा तालिम छोडेमा तिजको अभिलेख राखी भविष्यमा यस केन्द्रबाट संचालन हुने कुनै तालिममा सहभागी गराईने छैन ।
१०. म्याद नाघी प्राप्त भएको आवेदन उपर कुनै कारवाही गरिनेछैन ।

केन्द्र प्रमुख